कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १०० | वि.सं. २०८३ साउन ७ बिहीबार | नेपाल संवत: ११४५, आषाढ शुक्ल नवमी | Thursday 23 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## कर्णाली डेभलपमेन्ट बैंक पुनःसञ्चालन गर्ने तयारी




**सरला सुवेदी**
**बाँके, ६ साउन ।**

नेपाल राष्ट्र बैंकले समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंकलाई खारेज नगरी पुनर्संरचना गरेर बढीमा छ महिनाभित्र पुनः सञ्चालनमा ल्याउने तयारी गरेको जनाएको छ। पुनर्संरचनामार्फत बैंकलाई नयाँ स्वरूपमा सञ्चालन गर्ने प्रतिबद्धता जनाइएपछि निक्षेपकर्ताले जारी आन्दोलन स्थगित गरेका छन् ।

नेपालगन्जस्थित बैंकको केन्द्रीय कार्यालयअघि बचत रकम फिर्ताको माग गर्दै बाँके, बर्दिया, दाङलगायत जिल्लाबाट आएका निक्षेपकर्ताले केही दिनदेखि आन्दोलन गरिरहेका थिए। आन्दोलनरत निक्षेपकर्तासँग नेपाल राष्ट्र बैंकका प्रतिनिधिले छलफल गर्दै बैंकलाई लिक्विडेसनमा नलगी पुनर्संरचना गरी सञ्चालनमा ल्याइने आश्वासन दिएपछि आन्दोलन तत्कालका लागि स्थगित गरिएको हो ।

नेपाल राष्ट्र बैंकबाट खटिएको विशेष सञ्चालक समितिका संयोजक तथा उपनिर्देशक टीकाराम खतिवडाले बैंकलाई लिक्विडेसनमा लैजाँदा निक्षेपकर्ताको थप क्षति हुने र समग्र बैंकिङ प्रणालीप्रतिको जनविश्वास कमजोर हुने भएकाले पुनर्संरचनाको विकल्प रोजिएको बताए ।

उनका अनुसार हालका सेयरधनीबाट पुँजी वृद्धि गराउने, आवश्यक परे नयाँ लगानीकर्ता भित्र्याउने तथा बैंकलाई राष्ट्रियस्तरको विकास बैंकका रूपमा पुनः सञ्चालन गर्ने योजना अघि बढाइएको छ। पुनर्संरचनापछि बैंकको नाम, सञ्चालक समिति तथा व्यवस्थापनसमेत परिवर्तन हुन सक्ने उनले जानकारी दिए ।

राष्ट्र बैंकले निक्षेपकर्तालाई तत्काल केही राहत उपलब्ध गराउने उपायबारे समेत छलफल भइरहेको जनाएको छ। आगामी दुईदेखि तीन महिनाभित्र पुनर्संरचनाको प्रक्रिया स्पष्ट रूपमा देखिने गरी आवश्यक सूचना सार्वजनिक गरिने र त्यसपछि निक्षेप फिर्ताको प्रक्रिया क्रमिक रूपमा अघि बढाइने खतिवडाले बताए ।

यसैबीच, कर्णाली डेभलपमेन्ट बैंकसँग सम्बन्धित वित्तीय अनियमितताको मुद्दा उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासमा विचाराधीन रहेको छ। उक्त मुद्दामा १०९ जनाविरुद्ध अभियोग दर्ता गरिएको छ भने हालसम्म ३५ जना प्रतिवादी अदालतमा उपस्थित भइसकेका

बाँकी ३ पेजमा

## मानसिक स्वास्थ्यसम्बन्धी सचेतना फैलाउन आग्रह

**युग संवाददाता**
**सुर्खेत, ६ साउन ।**

मानसिक स्वास्थ्य समस्या बढ्दै गएपछि जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतले साउन महिनाभर मानसिक स्वास्थ्यसम्बन्धी सचेतना फैलाउन आग्रह गरेको छ। कार्यालयले मङ्गलबार सरोकारवाला र पत्रकारसँग अन्तरक्रिया गर्दै कर्णाली प्रदेशमा पनि मानसिक स्वास्थ्य समस्या बढ्दै गएकाले यसको रोकथामका लागि सबैको सहकार्य आवश्यक रहेको जनाएको हो ।

कार्यालय प्रमुख करुणा भट्टराईले मानसिक स्वास्थ्यप्रति समयमै ध्यान नदिँदा समाज र परिवारमा गम्भीर असर पर्ने बताए। उनले मानसिक स्वास्थ्य समस्या र आत्महत्याका घटना न्यूनीकरणका लागि सबैले समयमै सचेत हुनुपर्नेमा जोड दिए ।

सिएमसी नेपालका प्रादेशिक संयोजक हिमाल गैरेले सकारात्मक सोच, आत्मसम्मान र जीवनका चुनौतीसँग सामना गर्ने क्षमता विकास गर्नुपर्ने बताए। उनले

बाँकी ३ पेजमा

# पाँच वर्षमा सुर्खेतका सात हजारबढीमा डेंगी संक्रमण, वीरेन्द्रनगर उच्च जोखिममा



**ओम शाही**
**सुर्खेत, ६ साउन ।**

सुर्खेत जिल्लामा पछिल्ला वर्षहरूमा डेंगी संक्रमणको जोखिम निरन्तर बढ्दो क्रममा देखिएको छ। परीक्षणको दायरा विस्तार भएसँगै संक्रमण पुष्टि हुने बिरामीको संख्या पनि वर्षेनी बढ्दै गएको तथ्यांकले देखाएको छ। पाँच आर्थिक वर्षको अवधिमा जिल्लाभर ४९ हजार आठ सय ११ जनामा डेंगी परीक्षण गरिएकोमा सात हजार एक सय ७८ जनामा संक्रमण पुष्टि भएको छ।

जिल्लाका नौ स्थानीय तहमध्ये प्रदेश राजधानी रहेको वीरेन्द्रनगर नगरपालिका सबैभन्दा बढी जोखिममा रहेको जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतको तथ्यांकले देखाएको छ। गत आर्थिक वर्ष २०८२/०८३ मा मात्रै वीरेन्द्रनगर नगरपालिकामा एक हजार नौ सय २३ जनामा डेंगी संक्रमण पुष्टि भएको छ। प्रदेशको प्रशासनिक, शैक्षिक तथा व्यापारिक केन्द्रका रूपमा रहेको वीरेन्द्रनगरमा जनघनत्व बढ्दै जाँदा डेंगी संक्रमणको जोखिम पनि उच्च बन्दै गएको स्वास्थ्यकर्मीहरूको भनाइ छ।

जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका वरिष्ठ मलेरिया निरीक्षक उदय विसीका अनुसार जिल्लामा डेंगी परीक्षणको पहुँच विस्तार हुँदै गएपछि वास्तविक संक्रमितको पहिचान पनि बढेको हो। उनका अनुसार विगतका तुलनामा अहिले सरकारी तथा निजी स्वास्थ्य संस्थामा परीक्षण सेवा सहज रूपमा उपलब्ध भएकाले संक्रमण पुष्टि हुने संख्या बढेको देखिएको हो।

तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/०७९ मा एक हजार पाँच सय ३० जनामा डेंगी परीक्षण गरिएको थियो। तीमध्ये नौ सय ९६ जनामा संक्रमण पुष्टि भएको थियो। त्यसपछिको आर्थिक वर्ष २०७९/०८० मा परीक्षणको संख्या बढेर आठ हजार चार सय १६ पुगेको थियो, जसमा एक हजार चार सय ८४ जनामा डेंगी पुष्टि भएको थियो।

आर्थिक वर्ष २०८०/०८१ मा आठ हजार नौ सय ५२ जनामा परीक्षण गर्दा पाँच सय ७१ जनामा संक्रमण पुष्टि भएको देखिन्छ। त्यसपछि संक्रमण फेरि उकालो लागेको छ। आर्थिक वर्ष २०८१/०८२ मा १६ हजार तीन सय १६ जनामा परीक्षण गर्दा एक हजार नौ सय १८ जनामा डेंगी पुष्टि भएको थियो। गत आर्थिक वर्ष २०८२/०८३ मा १४ हजार पाँच सय ९७ जनाको परीक्षण गर्दा दुई हजार दुई सय सात जनामा संक्रमण पुष्टि भएको विसीले जानकारी दिए।

> “स्वास्थ्यकर्मीहरूका अनुसार डेंगी संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग हो। संक्रमित लामखुट्टेले टोकेपछि सामान्यतया चारदेखि सात दिनभित्र रोगका लक्षण देखिन थाल्छन् ।

स्वास्थ्यकर्मीहरूका अनुसार डेंगी संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग हो। संक्रमित लामखुट्टेले टोकेपछि सामान्यतया चारदेखि सात दिनभित्र रोगका लक्षण देखिन थाल्छन्। एक्कासी उच्च ज्वरो आउने, शरीरमा डाबर देखिने, अत्यधिक टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जोर्नी तथा मांसपेशी दुख्ने र पेट तथा आन्द्रासम्बन्धी समस्या देखिनु डेंगीका प्रमुख लक्षण हुन्।

वरिष्ठ मलेरिया निरीक्षक विसीका अनुसार एक पटक कुनै एक प्रजातिको डेंगी भाइरसबाट संक्रमित भएपछि सोही प्रजातिबाट पुनः संक्रमण हुँदैन। तर, अन्य प्रजातिको भाइरसबाट पुनः संक्रमण हुन सक्छ। विशेषगरी दोस्रो पटक लाग्ने डेंगी पहिलेको तुलनामा बढी जटिल र जोखिमपूर्ण हुने भएकाले लक्षण देखिएलगत्तै स्वास्थ्य संस्थामा पुगेर परीक्षण तथा उपचार गराउनुपर्ने उनको सुझाव छ।

उनका अनुसार साउनदेखि असोजसम्मको अवधि डेंगी संक्रमणका दृष्टिले सबैभन्दा जोखिमपूर्ण मानिन्छ। यही कारण यी महिनालाई डेंगी सचेतना महिनाका रूपमा मनाउँदै विभिन्न रोकथाम तथा नियन्त्रणका कार्यक्रम सञ्चालन गरिएको छ।

जनस्वास्थ्य सेवा कार्यालयले डेंगी नियन्त्रणका लागि स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि, समुदायस्तरमा जनचेतना विस्तार, लामखुट्टेको बासस्थान नष्ट गर्ने अभियान तथा आवश्यक स्वास्थ्य सामग्री वितरणलाई प्राथमिकतामा राखेको जनाएको छ। सरकारी स्वास्थ्य संस्थामा डेंगी परीक्षण सेवा प्रभावकारी बनाउन परीक्षण किट खरिद गरी वितरण गरिएको छ।

निजी स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई समेत डेंगी रोगको पहिचान, उपचार र व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको विसीले बताए। यसबाट सरकारीसँगै निजी स्वास्थ्य संस्थाबाट पनि गुणस्तरीय सेवा उपलब्ध गराउने लक्ष्य राखिएको छ। यस्तै, जनस्वास्थ्य सेवा कार्यालयले स्थानीय तहसँगको समन्वयमा सर्च एन्ड डिस्ट्रोय अभियान सञ्चालन गरिरहेको छ।

अभियानअन्तर्गत लामखुट्टेले फूल पार्ने तथा हुर्किने सम्भावित स्थानको खोजी गरी नष्ट गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। वडा तहमा जनप्रतिनिधिसहितको टोली परिचालन गरेर सरसफाइ, समुदायस्तरीय जनचेतना अभिवृद्धि तथा लामखुट्टे नियन्त्रणका गतिविधि सञ्चालन भइरहेका छन्।

### स्क्रब टाइफस, मेलेरिया र कालाजारको जोखिम पनि कायमै

सुर्खेतमा डेंगीसँगै अन्य किटजन्य रोगको जोखिम पनि कायमै रहेको तथ्यांकले देखाउँछ। जनस्वास्थ्य सेवा कार्यालयका अनुसार पाँच आर्थिक वर्षको अवधिमा जिल्लाभर २६ हजार ६ सय ९३ जनामा स्क्रब टाइफस परीक्षण गरिएकोमा एक हजार आठ सय ७५ जनामा संक्रमण पुष्टि भएको छ। यही अवधिमा ८३ हजार पाँच सय पाँच जनामा मेलेरिया परीक्षण गर्दा एक सय ४५ जनामा संक्रमण पुष्टि भएको छ।

त्यस्तै, पाँच वर्षमा नौ हजार ६ सय ७४ जनामा कालाजार परीक्षण गरिएकोमा दुई सय ३३ जनामा रोग पुष्टि भएको तथ्यांक छ। औलोको जोखिम पनि पूर्ण रूपमा हटिनसकेको देखिएको छ। कार्यालयका अनुसार पाँच आर्थिक वर्षको अवधिमा जिल्लाभर ७३ हजार ३७ जनामा औलो परीक्षण गरिएकोमा एक सय आठ जनामा संक्रमण पुष्टि भएको छ।

वरिष्ठ मलेरिया निरीक्षक वसीले डेंगीसहित किटजन्य रोगको जोखिम न्यूनीकरणका लागि घर तथा कार्यालय वरपर पानी जम्न नदिने, पानी संकलन हुने भाँडा नियमित सफा गर्ने, लामखुट्टेको टोकाइबाट बच्ने उपाय अपनाउने र ज्वरो आएमा आफैं औषधि सेवन नगरी तत्काल स्वास्थ्य संस्थामा पुगेर परीक्षण गराउन आग्रह गरे।



## सम्पादकीय....

# न्याय निरुपणमा विलम्ब नगर !

कानुनको शासन बलियो हुन न्याय छिटो, निष्पक्ष र सर्वसुलभ हुनुपर्छ । अदालतमा वर्षौंसम्म मुद्दा अल्झिरहँदा नागरिकको न्यायप्रतिको विश्वास कमजोर बन्छ । त्यसैले अदालतले कति मुद्दा दर्ता गर्‍योभन्दा पनि कति प्रभावकारी रूपमा टुंग्यायो भन्ने पक्ष बढी महत्वपूर्ण हुन्छ । कर्णाली प्रदेशका उच्च अदालत सुर्खेत र मातहतका पाँच जिल्ला अदालतले पछिल्ला तीन आर्थिक वर्षमा १८ हजार चार सय ९२ मुद्दा फछ्र्यौट गरेको तथ्यांकले न्याय सम्पादनको गतिमा सकारात्मक संकेत दिएको छ । तर, यो उपलब्धिसँगै न्यायिक प्रणालीका संरचनागत कमजोरी र सुधारका आवश्यकताहरू पनि स्पष्ट देखिएका छन् । तथ्यांकले अदालतहरूबीच कार्यसम्पादनमा उल्लेख्य भिन्नता रहेको देखाउँछ । आर्थिक वर्ष २०८२/०८३ मा जिल्ला अदालत जाजरकोटले ८९.४ प्रतिशत मुद्दा फछ्र्यौट गर्दै सबैभन्दा प्रभावकारी प्रदर्शन गरेको छ । उच्च अदालत सुर्खेतले ८२.५ प्रतिशत, दैलेखले ७९.८ प्रतिशत र सल्यानले ७३.४ प्रतिशत मुद्दा टुंग्याएका छन् । तर, सबैभन्दा धेरै मुद्दाको चाप रहेको सुर्खेत जिल्ला अदालतले ६३.२ प्रतिशत मात्रै मुद्दा फछ्र्यौट गर्न सकेको छ । यसलाई केवल कार्यसम्पादनको कमजोरीका रूपमा मात्र हेर्न मिल्दैन ।

अदालतले जनशक्ति अभावका कारण अपेक्षित रूपमा न्यायिक निरूपण गर्न नसकेको तथ्यले न्याय प्रशासनमा आवश्यक स्रोत-साधनको व्यवस्थापन अझै चुनौतीपूर्ण रहेको देखाउँछ । न्याय सम्पादनको अर्को सकारात्मक पक्ष मेलमिलापको प्रयोग हो । गत आर्थिक वर्ष उच्च अदालत सुर्खेतले मेलमिलापका लागि पठाइएका ६ सय ९३ मुद्दामध्ये एक सय २६ वटा यही माध्यमबाट टुंग्याएको छ । यसले विवाद समाधानका वैकल्पिक उपायलाई थप प्रभावकारी बनाउन सकिने सम्भावना देखाएको छ । यस्ता अभ्यासले अदालतको कार्यभार घटाउनुका साथै पक्षहरूलाई छिटो र कम खर्चिलो न्याय दिलाउन मद्दत पुर्‍याउँछन् । उच्च अदालतमा सबैभन्दा धेरै जबर्जस्ती करणी र लागुऔषधसम्बन्धी मुद्दा दर्ता हुनु भने समाजमा देखिएका गम्भीर अपराधप्रतिको चिन्ताको विषय हो । यस्ता प्रकृतिका मुद्दामा न्यायिक प्रक्रिया छिटो र संवेदनशील बन्नु आवश्यक छ, किनकि न्यायमा हुने ढिलाइले पीडितको अधिकारमाथि थप आघात पुर्‍याउन सक्छ । अदालतले १२ हजारभन्दा बढी मुद्दाका मिसिल डिजिटल अभिलेखीकरण गर्नु अर्को महत्वपूर्ण उपलब्धि हो ।

हालसम्म १२ हजार चार सय ६५ मुद्दाका मिसिललाई डिजिटल प्रणालीमा ल्याइनु र गत आर्थिक वर्षमै तीन हजार एक सय ८७ मिसिल स्क्यान गरिनु न्याय प्रशासनलाई आधुनिक र पारदर्शी बनाउने दिशामा महत्वपूर्ण कदम हो । यद्यपि अझै हजारौं मिसिल डिजिटल प्रणालीमा समावेश हुन बाँकी छन्। यो कामलाई तीव्रता दिन सके अभिलेख व्यवस्थापन, सूचना पहुँच र सेवा प्रवाह थप प्रभावकारी बन्नेछ । न्याय केवल फैसला सुनाउनु मात्र होइन, समयमै, गुणस्तरीय र सहज रूपमा न्याय उपलब्ध गराउनु पनि हो । त्यसका लागि अदालतमा पर्याप्त जनशक्ति, प्रविधिको विस्तार, वैकल्पिक विवाद समाधानको प्रभावकारी प्रयोग र डिजिटल रूपान्तरणलाई प्राथमिकता दिनु अपरिहार्य छ। पछिल्ला तीन वर्षको उपलब्धिलाई संस्थागत गर्दै बाँकी चुनौती सम्बोधन गर्न सकिए मात्र कर्णालीको न्याय प्रणालीप्रतिको नागरिक विश्वास अझ बलियो बन्नेछ ।

## विश्व

# अस्ट्रेलियामा दुर्लभ समान चम्ल्याहा छोरीको जन्म

**ब्रिसबेन, ६ साउन ।**

अस्ट्रेलियामा प्राकृतिक रूपमा भएको अत्यन्त दुर्लभ गर्भधारणबाट एउटै निषेचित अण्डा चार भागमा विभाजित भई समान चम्ल्याहा (चार) छोरी जन्मिएका छन् । चिकित्सकहरूका अनुसार यस्तो गर्भधारण करिब एक करोड ५० लाखमध्ये एकमा मात्र हुने सम्भावना रहने भएकाले यसलाई अत्यन्त असाधारण घटना मानिएको छ ।

क्विन्सल्यान्डस्थित रोयल ब्रिस्बेन एन्ड वुमेन्स अस्पतालमा ३४ वर्षीया जेनिटर साउ नामोनाले गत १४ जुलाईमा सिजेरियन शल्यक्रियामार्फत चार छोरीलाई जन्म दिएका हुन् । यसअघि नै चार सन्तानकी आमा रहनुभएकी नामोना र उहाँका पति जोर्थमले थप सन्तान जन्माउने योजना नबनाएका बेला चौगुना गर्भ रहेको जानकारी पाएपछि परिवार नै आश्चर्यमा परेको अस्पतालले जनाएको छ ।

नामोनाको उपचारमा संलग्न मातृ-भ्रूण विशेषज्ञ डा. एलेक्सा बेन्डलका अनुसार चारै शिशु एउटै निषेचित अण्डाबाट विकसित भएका हुन् । गर्भाधानपछि अण्डा चार भागमा विभाजित हुँदा समान चम्ल्याहा शिशुको जन्म भएको उनले बताए । उनका अनुसार यस्तो घटना विश्वमै अत्यन्त दुर्लभ मानिन्छ र अस्ट्रेलियामा यसअघि यस्तै प्रकृतिको जन्म भएको जानकारी उनीहरूसँग छैन ।

चिकित्सकीय तथ्याङ्कअनुसार प्राकृतिक रूपमा चम्ल्याहा गर्भधारण हुने सम्भावना करिब सात लाखमध्ये एक मात्र हुन्छ । तर एउटै निषेचित अण्डाबाट समान चम्ल्याहा (चार) शिशु जन्मिने सम्भावना अझ निकै कम रहने भएकाले यस घटनाले चिकित्सकहरूको समेत ध्यान आकर्षित गरेको छ । अधिकांश चम्ल्याहा गर्भधारण भने सहायक प्रजनन प्रविधिको प्रयोगपछि हुने गरेका छन् ।

चारै भ्रूणले एउटै प्लेसेन्टा साझा गरेका कारण नामोनाको गर्भावस्था उच्च जोखिमयुक्त थियो । यस्ता अवस्थामा समयपूर्व प्रसूति, गर्भपतन, जन्मजात समस्या तथा अन्य जटिलता देखिने जोखिम उच्च हुने भएकाले गर्भावस्थाको १०औँ सातादेखि नै विशेषज्ञ चिकित्सकहरूको टोलीले उहाँको नियमित निगरानी गरेको थियो । २५औँ सातामा उहाँलाई अस्पतालमै भर्ना गरी निरन्तर उपचार तथा निगरानी गरिएको थियो ।

डा. बेन्डलले २८ हप्ता चार दिनको गर्भावस्थामै चार स्वस्थ शिशुको जन्म हुनु निकै उत्साहजनक उपलब्धि भएको बताए । शल्यक्रियाका क्रममा आमामा सामान्य रक्तस्राव भए पनि अवस्था नियन्त्रणमै रहेको र अहिले उनको स्वास्थ्य राम्रो रहेको उनले जानकारी दिए ।

हाल चारै नवजात शिशुको सघन उपचार कक्ष (एनआइसीयू) मा उपचार भइरहेको छ । उनीहरूको नाम एमिली, ह्यारिएट, क्याथरिन र एलेक्सा राखिएको छ । तीमध्ये एक शिशुको नाम आफ्नो सम्मानमा राखिएको जानकारी दिँदै डा. बेन्डलले यसलाई सुन्दर सम्मानका रूपमा लिनुभएको बताए ।

उनले चिकित्सकीय रूपमा यो घटना अत्यन्त अध्ययनयोग्य भए पनि आफूका लागि सबैभन्दा ठूलो खुसी स्वस्थ आमासहित चार स्वस्थ शिशुलाई सुरक्षित रूपमा संसारमा ल्याउन सफल हुनु रहेको उल्लेख गरे ।

# सुशासन, असल शासनको अभ्यास



उद्धव सिलवाल



सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ ले मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरेको छ ।

यसमा सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने उल्लेख छ ।

जनताद्वारा गरिने शासनलाई लोकतान्त्रिक शासन भनिन्छ । विश्व बैंकले सुशासनका विशेषताको आयाममा सहभागिता, पादर्शीता, जवाफदेहिता, प्रभावकारिता, कानुनी शासन, भ्रष्टाचाररहितता, समावेशीकरण, प्रभावकारिता, दक्षता र संवेदनशीलतालाई लिने गर्दछ । बैंकका अनुसार सुशासन भनेको कुनै पनि देशमा अधिकार प्राप्त निकायलाई शासन सञ्चालन गर्ने अधिकार दिइएको हुन्छ । यसमा सरकारहरूले नीतिहरू प्रभावकारी रूपमा तर्जुमा र कार्यान्वयन गर्ने, सरकारको क्षमतालाई छान्ने, अनुगमन गर्ने, प्रतिस्थापना गर्ने प्रक्रिया र उनीहरूबीच आर्थिक एवं सामाजिक अन्तरक्रिया गर्ने, संस्थाका लागि नागरिक तथा राज्यको सम्मान समावेश गरिएको हुन्छ ।

वर्तमान विश्वमा सूचना प्रविधिको विकाससँगै डिजिटल गभर्नेन्स वा इ-गभर्नेन्स सुशासनको सबैभन्दा प्रभावकारी अस्त्रका रूपमा रहेको छ । वर्तमान सरकारले पनि आफ्नो नीति तथा कार्यक्रममा इ-गेटदेखि इ-पासपोर्टसम्मको कुरालाई प्राथमिकता दिएको छ । बजेटमा पनि सुशासनलाई महत्व दिइएको छ । यसका लागि सरकारसँगै कर्मचारी संयन्त्रको ठूलो भूमिका हुन्छ ।

सुशासन यस्तो आधारशीला हो, जसलाई टेकेर समृद्धि र जनताको अपेक्षा पूरा गर्न सकिन्छ । प्रजातन्त्रमा जनताको स्वर नीति निर्माण तहमा पुग्नुपर्छ । अनि मात्रै कानुनी राज्यको प्रत्याभूति लागू हुन्छ । भोट राजनीति हाबी भएका कारण चुनावका बेला मात्रै जनतालाई सम्झने परिपाटीले सुशासनको धरातल कमजोर बनेको थियो । लामो समय देश राजनीतिक अस्थिरता, अनिश्चितता, भ्रष्टाचार, कुशासन, हिंसात्मक द्वन्द्वबाट पार हुँदै आजको ठाउँमा आइपुगेको हो । सोही कारण आमनागरिकको खुसीको स्तर अझसम्म पनि बढ्न सकेको देखिँदैन ।

त्यसैले वर्तमान सरकारले आफ्नो चुनावी वाचापत्र, सरकार गठनपछिको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची, नीति तथा कार्यक्रम र बजेटमा पनि सुशासनलाई उच्च प्राथमिकता दिएको छ । शासकीय सुधारसम्बन्धी कार्यसूचीमा राजनीतिक हस्तक्षेपमुक्त सार्वजनिक प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष र नागरिकप्रति उत्तरदायी बनाउने उल्लेख छ । बजेटमा पनि सार्वजनिक सेवा प्रवाह आधार भूत रूपमा प्रयोग गर्दै मालपोत, यातायात, राहदानी, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनजस्ता नागरिक सेवासँग जोडिएको प्रणालीको सुदृढीकरण गर्ने उल्लेख छ । त्यसैले अहिले आम जनताको खोजी भनेकै सुशासन रहेको हो ।

सरकारले सय दिनमा सुधारका धेरै कार्य गरिसकेको छ । लाइसेन्स छपाई, राहदानी वितरण, यातायात तथा मालपोतमा हुने सेवा प्रवाहलाई चुस्त बनाएको छ । विद्युतीय कारोबारलाई सबै सरकारी सेवामा लागू गरिसकिएको छ । सरकारबाट भएका कार्यले केही न केही रूपमा आम नागरिकले राहत महसुस गर्न थालिसकेका छन् तर यी सबै कुराबाट अहिले नै शासन सञ्चालनको शैली कस्तो छ र सुधारप्रतिको राजनीतिक इच्छाशक्तिको मूल्याङ्कन गर्न सकिँदैन । लामो समयदेखि थाती रहेको आर्थिक, प्रशासनिक र राजनीतिक समस्याको समाधान सय दिनमै पूर्ण रूपमा लागू नहुने हुँदा यसमा अझै पनि धैर्यताको खाँचो छ ।

सरकारको पहिलो सय दिनलाई कार्यसम्पादनको महत्वपूर्ण मापदण्डका रूपमा स्थापित गर्ने श्रेय अमेरिकाको पूर्वराष्ट्रपति फ्रयाङ्लिन डी रुजबेल्टलाई दिइने गरिएको छ । सरकारका सय दिन हेर्ने अभ्यास उहाँको पालाबाट सुरु भएको मान्ने गरिएको छ । सन् १९३३ को महामन्दीमा उहाँले पहिलो सय दिनमै तीव्र गतिमा कानुनी र प्रशासनिक सुधार अघि बढाउनुभएको थियो । ती दिनमा उहाँले बैंकिङ प्रणाली सुधार गरे भने बेरोजगारी न्यूनीकरणका कार्यक्रम सुरु गर्नुभएको थियो । योसँगै कृषि र उद्योगलाई राहत दिने कानुन, सार्वजनिक निर्माण र रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याएर आर्थिक दृटिकोणले देशलाई बलियो बनाउन ठूलो भूमिका खेल्नुभएको थियो । यो नै सरकारको पहिलो सय दिनको मापन गर्ने मानकका रूपमा विकास भयो । तर हामीकहाँ अमेरिकामा भएजस्तो व्यापार सुधार नभए पनि अनुभूत गर्ने सुधारका कार्यहरू भने भएका छन् ।

आर्थिक सुशासन पुस्तकका लेखक डा उदय रानामगरले सार्वजनिक सरोकारका विषयहरूमा सरकार वा सरकारी संयन्त्रबाट प्रवाह गरिने सेवा नै सार्वजनिक सेवा भएको उल्लेख गर्नुभएको छ । उहाँले सेवा वितरणमा सार्वजनिक क्षेत्र वा सरकारी निकायको अग्रणी भूमिका रहने, सार्वजनिक सेवाको वितरण प्रभावकारी र जनताको चाहनाअनुसार हुनुपर्ने, कम गुनासो आउने गरी प्रभावकारी रूपमा सेवा प्रवाहको व्यवस्थापन गर्नुपर्ने बताउनुभएको छ । त्यसका लागि सार्वजनिक पदाधिकारीमा ज्ञानको साझेदारी गर्ने संस्कार भएमा मात्रै सेवा प्रवाहमा बढोत्तरी हुन्छ ।

सार्वजनिक सेवा प्रवाह गर्ने काम सरकारको प्रमुख कार्यमा पर्दछ । सार्वजनिक सेवाको अन्तिम लक्ष्य भनेको सेवाग्राहीको आवश्यकताअनुसार गुणस्तरीय ढङ्गले सेवा प्रदान गर्नु हो । सरकारको प्रभावकारिता प्रदान गरिने सेवाको गुणस्तर र सेवाग्राहीको सन्तुष्टिमा भर पर्दछ । सार्वजनिक प्रशासन समग्र राजनीतिक प्रणालीको एक हिस्सा भएको हुँदा यसमा सामाजिक, राजनीतिक, आर्थिक, आन्तरिक, बाह्य सबै सन्दर्भहरूको प्रभाव रहेको छ । सरकारको प्रमुख भूमिका नागरिकहरूको शासन, कानुन र मापदण्ड निर्माण र व्यवस्थापन गर्नु हो । सरकारले गर्ने काममा समाजमा सुरक्षा व्यवस्था, कानुनी तवरले समानता, शिक्षा, स्वास्थ्य सेवा, सामाजिक कल्याण, आर्थिक स्रोतको प्रबन्ध, प्रविधिको विकास, पर्यावरणीय संरक्षणजस्ता कार्यहरू पर्दछ ।

सार्वजनिक प्रशासनले सार्वजनिक स्रोत र सेवाको व्यवस्थापनमार्फत सरकारी नीति तथा कार्यक्रमको कार्यान्वयनलाई बुझाउँछ । यसले सार्वजनिक नीतिको कार्यान्वयन गर्दछ । विज्ञहरूले कानुनको विस्तृत र व्यवस्थित कार्यान्वयनलाई सार्वजनिक प्रशासन भन्ने गरेका छन् । सार्वजनिक प्रशासनलाई सार्वजनिक मामिलाको व्यवस्थापन पनि भन्ने गरिन्छ । सार्वजनिक निकायहरूको प्रभावकारी सञ्चालनमा सङ्गठनात्मक संरचना, कार्य र प्रक्रियाको महत्वलाई प्राथमिकता दिइन्छ ।

सरकारी कार्यालयको ढिलासुस्ती, निर्णय प्रक्रियाको जटिलता र अस्पष्टताका कारण सार्वजनिक सेवा प्राप्त गर्न अनावश्यक झन्झट, राजनीतिक हस्तक्षेप तथा कर्मचारी संयन्त्रमा देखिएको जवाफदेहिताको अभावलाई हटाउनसके मात्रै अशल शासनको कल्पना गर्न सकिन्छ । सरकार फेरिए पनि शासन फेरिँदैन भन्ने धारणा समाजमा गहिरो रूपमा स्थापित भएको कारण विगत लामो समयदेखि सरकार परिवर्तन हुँदा पनि नीति, नियम परिवर्तन हुन सकेनन् । सरकार बदलिए पनि सेवा प्रवाहको शैली, प्रशासनिक संस्कार र संस्थागत कार्यसम्पादनमा अपेक्षित परिवर्तन नआउँदा नागरिकमा देखिएको निराशालाई अब सदाको लागि अन्त्य गर्नुपर्ने समय आएको छ ।

सरकार परिवर्तनको अर्थ केवल सत्ताको नेतृत्व लिने अनुहार परिवर्तन हुनुलाई मात्रै बुझाउँदैन । बरु यसले राज्य सञ्चालनको सोच, कार्यशैली र राजनीतिक संस्कारमा आउने परिवर्तनलाई उजागर गर्न सक्नुपर्छ । त्यसैले उत्पादन विस्तार, रोजगारी सिर्जना, निजी तथा सार्वजनिक लगानीको वृद्धि, उद्यमशीलताको प्रवर्द्धन र युवाले देशभित्रै भविष्य देख्ने वातावरण निर्माणजस्ता सूचकमा आम नागरिकले स्पष्ट सुधारको खाका खोजिरहेका छन् । यिनै कारणले सुशासनको बहस प्रशासनिक सुधारमा मात्र सीमित नराखी नागरिकको जीवनस्तर, आर्थिक अवसर र सार्वजनिक सेवाको गुणस्तरमा पनि कार्यान्वयन गर्नुपर्ने देखिएको छ । आमनागरिकले सरकारले दिने सेवा सहज रूपमा प्राप्त गर्न थालेमा, व्यवसाय सञ्चालनमा देखिँदै आएको अवरोध हटेमा, रोजगारीका अवसर बढेमा, आन्तरिक र बाह्य आर्थिक सूचकाङ्कमा सुधार देखेमा मात्रै सुशासन र असल शासनको प्रत्याभूति महसुस गर्न सक्नेछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । अतिथिका रूपमा सत्कार पाइनेछ ।

**वृष** – स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । व्यापारलगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ ।

**मिथुन** – अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ । पशुपालन र कृषिमा लाभ मिल्नेछ ।

**कर्कट** – साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ । अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा लाभ हुनेछ ।

**सिंह** – विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ ।

**कन्या** – दिगो काम प्रारम्भ हुनेछ । व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ ।

**तुला** – मिहिनेतको फल प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । नयाँ अवसर र आम्दानीका स्रोत फेला पर्नेछन् । पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ ।

**वृश्चिक** – महिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

**धनु** – नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । समाजले पदीय दायित्व दिलाउन सक्छ ।

**मकर** – नयाँ काममा जग बसाउने समय छ । कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ ।

**कुम्भ** – तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ । समाजले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ ।

**मीन** – परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । चुनौतीपूर्ण जिम्मेवारी वहन गर्नुपर्ला । आकस्मिक समस्याले दौडधुप गराउन सक्छ ।

## सुदूरपश्चिम प्रदेशः

# अधिकांश मन्त्रालयको पुँजीगत खर्च कमजोर




**युग संवाददाता**
**कैलाली, ६ साउन ।**

सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटको करिब ६२.२६ प्रतिशतमात्र खर्च गरेको छ। चालुतर्फको खर्च अपेक्षाकृत सन्तोषजनक रहे पनि विकास निर्माण तथा योजना कार्यान्वयनसँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्च भने ६० प्रतिशतभन्दा तल सीमित भएको छ।

प्रदेश लेखानियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारले रु ३३ अर्ब ४३ करोड २५ लाख ३३ हजार बजेटमध्ये रु २० अर्ब ८१ करोड ५१ लाख ११ हजार ६२ खर्च गरेको छ। यो कुल बजेटको ६२.२६ प्रतिशत हो।

यसमा चालुतर्फ रु १३ अर्ब ५९ करोड २८ लाख ४७ हजार ४०० विनियोजन गरिएकामा रु नौ अर्ब २४ करोड ८६ लाख ३८ हजार ९३७ अर्थात् ६८.०४ प्रतिशत खर्च भएको छ। यस्तै, पुँजीगततर्फ रु १९ अर्ब ८२ करोड ९६ लाख ८६ हजार विनियोजन गरिएकामा रु ११ अर्ब ५६ करोड ६४ लाख ७२ हजार १२४ अर्थात् ५८.३३ प्रतिशत खर्च भएको छ।

मन्त्रालयगत आधारमा सामाजिक विकास मन्त्रालयले चालुतर्फ ७६.३५ र पुँजीगततर्फ ६३.६१ प्रतिशत गरी समग्रमा ७१.५३ प्रतिशत खर्च गरेको छ। मन्त्रालयका लागि चालुतर्फ रु चार अर्ब ११ करोड ६० लाख ५४ हजार ४०० र पुँजीगततर्फ रु दुई अर्ब ५० करोड ७२ लाख ९४ हजार ११७ विनियोजन गरिएको थियो।

त्यसपछि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले चालुतर्फ ६८.८९ प्रतिशत र पुँजीगततर्फ ७३.६७ प्रतिशत खर्चसहित ७१.४६ प्रतिशत खर्च भएको छ। यस मन्त्रालयका लागि चालुतर्फ रु एक अर्ब दुई करोड ५६ लाख ५६ हजार ३७५ र पुँजीगततर्फ रु एक अर्ब १९ करोड ५३ लाख १४ हजार ९८६ विनियोजन गरिएको थियो।

त्यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयले चालुतर्फ ६५.१० र पुँजीगततर्फ ५९.८४ गरी ६०.०५ प्रतिशत खर्च गरेको छ। यस मन्त्रालयका लागि चालुतर्फ रु छ अर्ब २० लाख छ हजार ४७० र पुँजीगततर्फ रु एक अर्ब ४६ करोड ८४ लाख २३ हजार विनियोजन गरिएको थियो। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालुतर्फ ५९.५० र पुँजीगततर्फ ५१.७६ गरी ५८.६८ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को चालु ५१.५४ र पुँजीगत ५२.९८ गरी ५१.८० प्रतिशत रकम खर्च भएको छ।

त्यस्तै, आर्थिक मामिला मन्त्रालयको चालु ५३.९८ र पुँजीगत ३८.३१ गरी ५२.०५ र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको चालु २९.४३ र पुँजीगत ३१.७२ गरी कुल ३०.७६ प्रतिशत खर्च भएको छ। सबैभन्दा कम खर्च गर्ने कानुन मन्त्रालयका लागि चालुतर्फ रु एक अर्ब ४३ करोड २४ लाख सात हजार ८०० र पुँजीगततर्फ रु एक अर्ब ९७ करोड ४४ लाख तीन हजार विनियोजन गरिएको थियो।

प्रदेशका निकायगत विवरणअनुसार सबैभन्दा बढी प्रदेश व्यवस्थापिकाका लागि कुल रु १९ करोड १५ लाख ७६ हजार १८७ बजेट विनियोजन गरिएकामा चालुतर्फ ७५.३९ र पुँजीगत ५६.१८ गरी ७३.१८ प्रतिशत खर्च भएको छ। यस्तै, प्रदेश लोकसेवा आयोगका लागि रु ११ करोड ९५ लाख ५० हजार बजेट विनियोजन गरिएकामा चालुतर्फ ५६.४३ र पुँजीगत ९९.७७ प्रतिशत खर्च भएको छ भने प्रदेश नीति तथा योजना आयोगका लागि रु पाँच करोड ९४ लाख ४३ हजार विनियोजन गरिएकामा चालुतर्फ ४९.६६ र पुँजीगत ७८.१२ प्रतिशत खर्च भएको छ।

प्रदेशले स्थानीय तहका लागि विनियोजन गरेको रु तीन अर्ब ६३ करोड ९५ लाख ५० हजारमध्ये रु दुई अर्ब ७४ करोड ९५ लाख १२ हजार ३५७ अर्थात् ७५.५५ प्रतिशत खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्क छ।

लेखा नियन्त्रक वासुदेव जोशीले पूर्वाधार विकास, निर्माणाधीन आयोजना र विकास कार्यक्रमको कार्यान्वयन अपेक्षित गतिमा हुन नसकेकाले प्रदेश सरकारको समग्र पुँजीगत खर्च ६० प्रतिशतभन्दा तल सीमित हुन पुगेको बताए। हरेक वर्षजस्तै चालु खर्च हुने र पुँजीगत खर्च कमजोर रहने प्रवृत्ति यस वर्ष पनि दोहोरिएको उनले बताए।

"विगतका वर्षहरूको आधारमा समेत हाम्रो समग्र खर्च क्षमता औसतमा ६० देखि ७० र पुँजीगततर्फ ६० प्रतिशतमुनि नै हो। गत वर्ष भने समग्रमा ६९ प्रतिशत र पुँजीगततर्फ करिब ६७ प्रतिशत भयो, तर यस वर्ष जेनजी आन्दोलन, कर्मचारीको अभावलगायत कारणले केही समस्या भएको देखिन्छ", लेखानियन्त्रक जोशीले भने।

अब तयारी पुगेका योजनामा बजेट विनियोजन, समयमै कार्यान्वयन, खरिद तथा ठेक्का व्यवस्थापन प्रक्रिया सुधार्ने र आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन सके प्रदेशको पुँजीगत खर्चमा उल्लेख्य सुधार ल्याउन सकिने उनको विश्वास छ।

## ऊर्जा र जलस्रोतको विकासका लागि
# तीन तहका सरकारबीच समन्वय बढाइने

**युग संवाददाता**
**काठमाडौं, ६ साउन ।**

ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको विकासका लागि नीतिगत सामञ्जस्यता कायम गर्दै अगाडि बढ्ने विषयमा बृहत्तर छलफल भएको छ। त्यसका लागि तीन तहका सरकारबीच समन्वय सुदृढ गर्ने विषयमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको विषयगत समितिको बैठकमा महत्वपूर्ण छलफल भएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री तथा विषयगत समितिका अध्यक्ष विराज भक्त श्रेष्ठको अध्यक्षतामा मङ्गलबार बसेको बैठकमा सङ्घीयताको मर्मअनुसार ऊर्जा, जलस्रोत, सिँचाइ तथा खानेपानी क्षेत्रको विकासका लागि नीतिगत सामञ्जस्यता कायम गर्दै आपसी समन्वय कायम गर्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

बैठकमा लुम्बिनी प्रदेशका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री डिल्लीराज भुसाल, बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङ, कोशी प्रदेशका खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री तिलचन पाठक तथा धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमाल सहभागी छन्।

बैठकमा जल तथा ऊर्जा आयोग सचिवालयका सचिव सरजुकुमार वैद्य, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडी, मन्त्रालयका सहसचिवहरू, विभिन्न प्रदेशका मन्त्रालयका सचिव, विद्युत् विकास विभाग तथा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक र नेपाल विद्युत् प्राधिकरणका कामु कार्यकारी निर्देशकलगायतको सहभागिता थियो।

बैठकमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक, २०८३ सम्बन्धमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले कार्यपत्रसहित प्रस्तुति गरेका थिए।

त्यस्तै, जलस्रोत विधेयक सम्बन्धमा मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यले आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए। बैठकमा जलस्रोत र ऊर्जाको क्षेत्रमा अवसरको न्यायोचित बाँडफाँड गर्दै सङ्घ प्रदेश र स्थानीय तहबीच समन्वय थप सुदृढ बनाउने, जलस्रोतको सदुपयोगलाई प्रोत्साहन गर्ने विषयमा छलफल भएको थियो।

त्यस्तै, जलस्रोतको दुरुपयोगलाई निरुत्साहित गर्ने निर्णय बैठकले गरेको छ। जलस्रोतलाई केवल वस्तुका रूपमा नभई बहुआयामिक महत्वका स्रोतका रूपमा उपयोग गर्नुपर्नेमा पनि जोड दिइएको थियो।

त्यसैगरी, जल तथा ऊर्जा आयोगलाई संस्थागत स्मरणलाई थप विकास गर्दै ज्ञान केन्द्र (नलेज सेन्टर) का रूपमा विकास गर्ने, खडेरी, भूमिगत जलस्रोतको अत्यधिक दोहन तथा पानीको पुनर्भरण अभावलाई ध्यानमा राखी 'वाटर अडिट' गर्ने विषयमा पनि साझा धारणा बनेको छ।

बैठकले जलस्रोत नियमनलाई थप प्रभावकारी बनाउन आवश्यक कानुनी तथा नीतिगत सुधार गर्ने, अर्थ मन्त्रालयको सहमतिमा 'रिभर बेसिन मास्टरप्लान' कार्यान्वयन अघि बढाउने तथा सञ्चार र समन्वयलाई केन्द्रीकृत राख्दै अधिकारलाई पूर्ण रूपमा विकेन्द्रीकरण गर्ने नीति अवलम्बन गर्ने निर्णय गरेको छ।

त्यस्तै, जलस्रोत र सिँचाइ क्षेत्रमा परम्परागत तथा आदिवासी ज्ञान, सीप र आधुनिक वैज्ञानिक प्रविधिलाई समायोजन गर्दै जनचेतनामूलक कार्यक्रमलाई सरकारी नीति तथा कार्यक्रममा निरन्तर समावेश गरिने उल्लेख छ।

बैठकमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयकले ऊर्जा मिश्रण, विद्युत् चुहावट नियन्त्रण तथा सामाजिक न्याय प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको थियो। बैठकका सहभागीहरूले सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको एकीकृत विकास अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

# धान रोपाइँमा हराए गोरु र राँगा, बढ्यो ट्र्याक्टर र पावर टिलरको प्रयोग

**युग संवाददाता**
**नेपालगन्ज, ६ साउन ।**

बाँकेका कुनै पनि स्थानमा अहिले धान रोपाइँका बेला गोरु वा राँगाले खेत जोतेको दृश्य देख्न पाइँदैन। ह ह माले, ह ह तारेको कुनै आवाज पनि सुनिँदैन। खेतमा गह्रामा गोरु जुधेको र दौडेको देख्न मुस्किल छ। कृषि समयसँगै कृषि प्रणालीमा आएको परिवर्तनले खेतका फाँटमा ट्र्याक्टर र पावर टिलरको प्रयोग व्यापक रूपमा बढेको छ।

कृषि कर्ममा गोरुको महत्व आफ्नै खालको थियो। तर आजकल न त गोरु देख्न पाइन्छ, न त किसानले गोरु धपाएको नै भेटिन्छ। जिल्लाभरका खेतमा अहिले ट्र्याक्टर र पावर टिलर कुदिरहेका छन्। यसले किसानलाई समय बचत हुनाका साथै रोपाइँको काम छिटो र सहज रूपमा सम्पन्न गर्न मद्दत पुगेको छ।

बाँकेको जानकी गाउँपालिका-३, कर्मनाका किसान सुन्दर खटिकले समयसँगै धान रोपाइँ प्रणालीमा पनि परिवर्तन बताउँछन्। आफूले धेरै वर्षदेखि ट्र्याक्टरको सहायताले खेत जोतेर धान रोपाइँ गर्दै आएको उनले जानकारी दिए।

उनले यस वर्ष पनि दुई बिघा जमिन (बटैया) अधियामा खेती गरिएको छ। खेतीका लागि ट्र्याक्टर प्रयोग गरेर खेत जोतेको बताउँदै उनले प्रतिघण्टा रु दुई हजार पाँचदेखि तीन हजारसम्म शुल्क तिरेको जानकारी दिए। "केही किसानले आफ्नै घरमा ट्र्याक्टर राखेका छन्, तर हामीसँग छैन। त्यसैले पैसा तिरेर जोत्न लगाउँछौं," उनले भने।

अहिले धेरै किसानका घरमा खेत जोत्नका लागि गोरु वा राँगा नभएकाले अधिकांश किसानले ट्र्याक्टर वा पावर टिलरकै सहायताले खेत जोतेर धान रोपाइँ गरिरहेको उनको भनाइ छ। "अहिलेसम्म जति पनि रोपाइँ भएको छ, केहीमा पावर टिलर र केहीमा ट्र्याक्टरको रोटाभेटर प्रयोग गरेर खेत जोतिएको छ," उनले भने।


किसान खटिकले खेत जोत्नका लागि यान्त्रिकीकरण बढ्दै गएको उल्लेख गर्दै रोपाइँ गर्ने मजदुरले पनि प्रतिदिन रु ५०० देखि ८०० सम्म ज्याला लिने गरेको बताए। उनले भने, "मलखाद, रोपाइँ गर्ने मजदुरको ज्याला र ट्र्याक्टरलाई तिर्नुपर्ने रकमका कारण धानखेतीको लागत बर्सेनि बढ्दै गएको छ।"

समयमै रासायनिक मल नपाउँदा धान उत्पादन घट्ने चिन्ता व्यक्त गर्दै उनले न्यून आय भएका किसानलाई सहुलियत उपलब्ध गराउन आग्रह गरे। कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख विनोद घिमिरेले धान रोपाइँ पहिलेभन्दा आधुनिक बन्दै गएको छ। उपकरणको प्रयोग बढेको छ। उनले किसान यान्त्रिकीकरणतर्फ लागेका छन्। उनले भने, "अहिले किसानले गोरु र राँगा पाल्न छाडेका छन्। त्यसैले कृषि प्रणालीमा यान्त्रिकीकरण तीव्र रूपमा बढिरहेको छ।"

प्रमुख घिमिरेका अनुसार पछिल्लो समय स्थानीय तहहरूले किसानलाई हाते ट्र्याक्टर, पावर टिलरलगायत कृषि औजार वितरण गर्दै आएका छन्। जिल्लामा हालसम्म करिब ७० प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको उनले जानकारी दिए।

सिँचाइ सुविधा भएका अधिकांश क्षेत्रमा रोपाइँ सकिएको छ भने आकाशे पानीको भरमा खेती गर्ने किसानले अझै रोपाइँ जारी राखेका छन्। विशेषगरी कोहलपुर, बैजनाथ र राप्तीसोनारीका अधिकांश क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको जनाइएको छ।

# नेकपाले एमालेसँग सहकार्य नगर्ने भनेपछि अप्ठ्यारोमा मुख्यमन्त्री कँडेल



**युग संवाददाता**
**सुर्खेत, ६ साउन ।**

नेपाली कांग्रेसले कर्णाली प्रदेश सरकारका विरुद्धमा दर्ता भएको अविश्वास प्रस्तावका पक्षमा मतदान गर्ने निर्णय गरेको छ। बुधबार बसेको कांग्रेस कर्णाली प्रदेश संसदीय दलको बैठकले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सँग मिलेर ३२ असारमा मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध प्रदेशसभा सचिवालयमा अविश्वासको पत्र दर्ता गराएको थियो।

उक्त प्रस्ताव बिहिबारको प्रदेशसभा बैठकमा पेश हुनसक्ने सम्भावना छ। आलोपालको सरकार सञ्चालनको सहमतिबाट मुख्यमन्त्री पछि हटेको भन्दै कांग्रेसले नेकपासँग सत्ता साझेदार गर्ने सहमतिका साथ प्रदेशसभामा अविश्वासको प्रस्ताव दर्ता गराएको थियो।

दुई दलबिच भएको सहमति अनुसार कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई मुख्यमन्त्रीमा अघि सारिएको छ। प्रदेशसभामा दर्ता भएको अविश्वास पत्र संसदबाट पारित भएको खण्डमा मुख्यमन्त्री कँडेल पदमुक्त हुनेछन्।

यता नेकपा पनि मुख्यमन्त्रीविरुद्धको अविश्वास प्रस्तावको पक्षमा छ। नेकपा एमाले र नेकपाबिच सातै प्रदेशमा वाममोर्चा बनाएर सरकार चालउने सहमति भएको बताइएको छ। तर, कर्णालीमा हालसम्म नेकपाले एमाले नेतृत्वको सरकारलाई समर्थन गर्ने वा नगर्ने भन्ने विषयमा आधिकारिक निर्णय लिइसकेको छैन।

नेकपा संसदीय दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले आफुहरु मुख्यमन्त्री कँडेलविरुद्धको अविश्वास प्रस्तावको पक्षमा रहेको बताए। उनले कांग्रेस-एमाले गठवन्धन नेकपाका कारण नभत्किएको बताउँदै एमालेसँग सहकार्य हुनेगरी केन्द्रमा भएको सहमतिका बारेमा आफुलाई कुनै जानकारी नभएको बताए।

मुख्यमन्त्री कँडेललाई समर्थन गर्ने विषयमा नेकपाका प्रदेश तहका नेताहरु राजि छैनन्। नेकपा स्रोतका अनुसार कर्णालीमा सरकार बनाउँने विषयमा पार्टी केन्द्रको निर्णय नभई प्रदेश कमिटी स्वायत्त रूपमा अघि बढ्ने तयारी छ।

२०७४ मा स्थापना भएको तत्कालिन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको सरकार ढाल्न वर्तमान मुख्यमन्त्री यामलाल कँडेलले खेलेको भुमिकाको समिक्षा नभई वामगठवन्धनको नाम लिएर एमालेसँग समिकरण नगर्ने पक्षमा नेकपा कर्णालीका नेताहरु रहेको स्रोतको दावी छ। ती नेताले कर्णालीमा एमालेसँग मिलेर सरकार बनाउन नसकिने जानकारी पार्टी केन्द्रलाई गराइएको दावी गरे।

कांग्रेससँग मिलेर सरकार बनाउँने विषयमा कर्णालीका प्रथम मुख्यमन्त्रीसमेत रहेका महेन्द्रबहादुर शाहीले चाँसो दिइरहेकाले कँडेल अफ्ठ्यारोमा रहेको बताइन्छ। शाहीले आफु मुख्यमन्त्री हुँदा कँडेलले दिएको दुखको बदला लिन खोजेको खण्डमा एमाले-नेकपा समिकरण कुनै पनि हालतमा सम्भव हुने देखिदैन। यसो हुँदा नेकपा र कांग्रेस मिलेर सरकार बन्ने सम्भावना छ। कांग्रेसले पनि संवैधानिक अधिकार प्रयोग गरेर सरकार गठन गर्ने दावी गरिरहेको छ।

कँडेल उनै व्यक्ति हुन् जसले १८ असोज २०७७ मा तत्कालीन सत्तारूढ दल नेकपा कर्णाली प्रदेश संसदीय दलका बहुमत सांसदले मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्ध संसदीय दलभित्रै अविश्वास प्रस्ताव दर्ता गराउँदाको नेतृत्व गरेका थिए। कँडेललको यही कदमले अन्ततः तत्कालिन नेकपा फुटको बिजारोपण भएको थियो। संसदमा अविश्वासको प्रस्ताव दर्ता भएपछि संकटमा परेका कँडेलले हालसम्म आधिकारिक धारणा सार्वजनिक गरेका छैनन्। एमाले स्रोतका अनुसार कँडेलले पार्टी केन्द्रको निर्णय पर्खिरहेका छन्।

कर्णालीमा कांग्रेस, एमाले र नेकपा जो जससँग मिल्दा पनि सरकार बनाउने अंक पुग्छ। ४० सदस्यीय कर्णाली प्रदेशसभामा सरकार बनाउँन २१ जना सांसद आवश्यक पर्छन। जसमा कांग्रेसका १४, नेकपाका १४, ऐमालेका १०, राप्रपा र स्वतन्त्रका एक/एक सांसद छन्। ३१ साउनमा कांग्रेसबाट सरकारमा सहभागी चार मन्त्रीले राजीनामा दिएपछि कांग्रेसका पाँच र नेकपाका ११ सांसदले मुख्यमन्त्रीविरुद्ध अविश्वास पत्र दर्ता गरेका थिए।

२७ चैत २०८० मा तत्कालीन नेकपा माओवादी केन्द्रको समर्थनमा कँडेल कर्णालीका मुख्यमन्त्री बनेका थिए। त्यसपश्चात् २०८१ असारमा माओवादीसँगको सहकार्य तोडिएपछि कांग्रेस-एमालेबीच गठबन्धन बनेको थियो। कांग्रेसको समर्थनमा मुख्यमन्त्रीमा निरन्तरता पाएका कँडेलले दुई वर्षयता सरकारको नेतृत्व गरिरहेका छन्।

दुई दलबीचको सहमतिअनुसार मुख्यमन्त्री कँडेलले सरकारको नेतृत्व कांग्रेस संसदीय दलका नेता शाहीलाई दिनुपर्ने थियो। पूर्ववत् सहमतिअनुसार नै कांग्रेसका मन्त्रीले राजीनामा दिएको बताइएको थियो। तर, आलोपालोको सहमतिअनुसार मुख्यमन्त्री कँडेलले पदबाट राजीनामा दिएर कांग्रेसलाई सरकार बनाउन मार्ग प्रशस्त नगरेको भन्दै कांग्रेसले गठबन्धन फेर्न खोजेको बताइन्छ।

# सुदूरपश्चिम चलचित्रकर्मी सङ्घ गठन



**युग संवाददाता**
**कैलाली, ६ साउन ।**

चलचित्र क्षेत्रको विकास तथा चलचित्रकर्मीको हकहित, संरक्षणका लागि सुदूरपश्चिम चलचित्रकर्मी सङ्घ गठन गरिएको छ। वरिष्ठ चलचित्रकर्मी राजकुमार जोशीको अध्यक्षता तथा वरिष्ठ चलचित्रकर्मी खडकबहादुर मल्लको विशेष उपस्थितिमा धनगढीमा सम्पन्न भेलाले सरस्वती खड्का भट्टको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको छ।

सङ्घको उपाध्यक्षमा वीरेन्द्र सिंह 'बिरु', महासचिवमा सुरेन्द्र सङ्गम, सचिवमा विनोद बोहरा 'बोक्टानी किङ्ग' र कोषाध्यक्षमा जयन्ती पाण्डेयलाई चयन गरिएको छ। त्यस्तै, सदस्यहरूमा रोबर्टसिंह बडैला, सङ्गत थारू चौधरी, प्रदीप चनारा, सतीस सिन्हा, माया खड्का र ज्ञानेन्द्र कुँवर चयन भएका छन्।

भेलाले वरिष्ठ चलचित्रकर्मी जोशीको संयोजकत्वमा चलचित्रकर्मी मल्ल सदस्य रहेको सल्लाहकार समिति पनि गठन गरेको छ। सुदूरपश्चिमका चलचित्रकर्मी लामो समयपछि सङ्गठित भएकाले अब यसका मौलिक चलचित्रको विकासर चलचित्रकर्मीको पेसागत अधिकार संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ। नवनिर्वाचित अध्यक्ष भट्टले सुदूरपश्चिमका सबै चलचित्रकर्मीलाई समेटेर सङ्घलाई अघि बढाउने र साझा हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

## मानसिक...

मानसिक समस्या देखिएका व्यक्तिलाई सहयोग गर्न र आवश्यक परे आत्महत्या रोकथामसम्बन्धी राष्ट्रिय हटलाइन ११६६ प्रयोग गर्न आग्रह गरे। साथै स्थानीय तह र विद्यालयमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने उनले जानकारी दिए।

त्यसैबीच फरक एक प्रसङ्गमा जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका वरिष्ठ मलेरिया निरीक्षक उदय बिसीले डेङ्गु रोगबाट बच्न घरआँगन सफा राख्न, पानी जम्न नदिन र लामखुट्टेको बासस्थान नष्ट गर्न आग्रह गरे।

## कर्णाली...

छन्।

करिब ३ अर्ब २० करोड रुपैयाँ बराबरको वित्तीय अनियमितताको आरोप सार्वजनिक भएपछि बैंक लामो समयदेखि समस्यामा परेको छ। त्यसयता हजारौं निक्षेपकर्ता आफ्नो बचत रकम फिर्ताको माग गर्दै आन्दोलनमा उत्रिएका थिए।

राष्ट्र बैंकको पछिल्लो निर्णयले निक्षेपकर्तामा केही आशा जागेको भए पनि पुनर्संरचनाको प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयन भई बचत रकम फिर्ता हुने विषयलाई उनीहरूले चासोका साथ हेरिरहेका छन्। राष्ट्र बैंकले पुनर्संरचना प्रक्रिया समयमै सम्पन्न गरी बैंकलाई सुरक्षित र दिगो रूपमा सञ्चालनमा ल्याउने तथा निक्षेपकर्ताको हितलाई प्राथमिकतामा राखेर आवश्यक निर्णय लिने प्रतिबद्धता जनाएको छ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.मि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# बजेट कार्यान्वयनमा कडाइ गर्न अर्थ मन्त्रालयद्वारा ४७ बुँदे मार्गदर्शन जारी

**◣युग संवाददाता**
**काठमाडौँ, ६ साउन ।**

चालु आर्थिक वर्षको बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न अर्थ मन्त्रालयले सबै मन्त्रालय, आयोग, सचिवालय तथा निकायलाई ४७ बुँदे बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन जारी गरेको छ।

गत सोमबार जारी मार्गदर्शनमा बजेट तथा कार्यक्रमलाई तोकिएको समयसीमाभित्र कार्यान्वयन गरी पुँजीगत खर्चको प्रभावकारिता बढाउन, स्रोत-साधनको मितव्ययी उपयोग गर्न तथा विकास आयोजनाको प्रगति नियमित रूपमा अनुगमन गर्न निर्देशन दिइएको छ।

मार्गदर्शनअनुसार सबै मन्त्रालय तथा निकायले स्वीकृत कार्यक्रम र बजेटलाई लाइनमिनिस्ट्री बजेट इन्फर्मेसन सिस्टम (एलएमबिआईएस)मा समयमै अद्यावधिक गर्नुपर्ने, खरिद योजना तथा वार्षिक कार्ययोजना सुरुमै तयार गरी कार्यान्वयनमा लैजानुपर्नेतथाआयोजनाकार्यान्वयनमा देखिने समस्या समयमै समाधान गर्नुपर्ने छ।

बजेट विनियोजनको उद्देश्यअनुसार मात्र खर्च गर्न, फजुल खर्च नियन्त्रण गर्न, सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक, पारदर्शी र समयबद्ध बनाउन तथा विकास आयोजनाको भुक्तानी कार्यसम्पादनका आधारमा गर्न निर्देशन दिइएको छ।

मार्गदर्शनमा राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोगमा ध्यान दिन तथा आर्थिक अनुशासन कायम गर्न सम्बन्धित निकायलाई विशेष निर्देशन दिइएको छ।

अर्थ मन्त्रालयले आयोजना तथा कार्यक्रमको नियमित अनुगमन, प्रगति समीक्षा र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन पनि जोड दिएको छ। मन्त्रालयका अनुसार बजेट कार्यान्वयनमा देखिने ढिलाइ, कमजोर खर्च क्षमता तथा लक्ष्यअनुसार उपलब्धि हासिल गर्न नसक्ने अवस्थालाई सुधार गर्ने उद्देश्यले मार्गदर्शन जारी गरिएको हो।

# नेप्से दोहोरो अंकले घट्यो

**◣युग संवाददाता**
**काठमाडौँ, ६ साउन ।**

धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक आज दोहोरो अंकले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ९५ अंकले घटेर दुई हजार ७१२ दशमलव ५४ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव १० अंकले घटेर ४७० दशमलव ३१ मा पुगेको छ। फ्लोट सूचक शून्य दशमलव ७७ अंकले घटेर १८५ दशमलव ८५ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ५८ अंकले घटेर १५९ दशमलव ४३ मा रहेको छ।

बुधवार विभिन्न कम्पनीका एक करोड १३ लाख ६२ हजार ४६५ कित्ता सेयर रु पाँच अर्ब १८ करोड ७४ लाख ६७ हजार ७३ मूल्यमा खरिद बिक्री भएको छ। तेह्र उपसमूहमध्ये दुई उपसमूह बढ्यो भने ११ उपसमूह घटेको छ। आज ७७ कम्पनीको सेयर बढ्यो भने १९३ कम्पनीको सेयर घट्यो।

# सौर्य ऊर्जा र विद्युत् भण्डारणलाई हुवावेका नयाँ प्रविधि सार्वजनिक

> “नवीकरणीय ऊर्जाको उत्पादन मौसमअनुसार घटबढ हुने भएकाले यस्तो ऊर्जा भण्डारणका लागि यो प्रविधि उपयोगी भएको कम्पनीको भनाइ छ।




**◣युग संवाददाता**
**काठमाडौँ, ६ साउन ।**

नेपालमा सौर्य ऊर्जा उत्पादन विस्तारसँगै विद्युत् प्रणालीलाई थप स्थिर, भरपर्दो र प्रभावकारी बनाउने आवश्यकता बढिरहेका बेला हुवावेले सौर्य ऊर्जा व्यवस्थापन र विद्युत् भण्डारणसम्बन्धी दुई नयाँ प्रविधि सार्वजनिक गरेको छ।

कम्पनीले आज यहाँ आयोजित कार्यक्रममा ‘फ्युजनसोलार ९.० स्मार्ट सौर्य ऊर्जा’ (पीभी) र ‘लुटेरा ग्रिड-फर्मिङ विद्युत् ऊर्जा भण्डारण प्रणाली’ (इएसएस) सार्वजनिक गरेको हो। कम्पनीका अनुसार फ्युजनसोलार ९.० स्मार्ट सौर्य ऊर्जा (पीभी) ठूला क्षमताका सौर्य आयोजनाका लागि लक्षित गरी बनाइएको विकसित डिजिटल प्रणाली हो।

यसले कृत्रिम बौद्धिकता (एआई) र डिजिटल प्रविधिको प्रयोगमार्फत सौर्य ऊर्जा उत्पादनको दक्षता बढाउने, सञ्चालन तथा व्यवस्थापनलाई सहज बनाउने र विद्युत् उत्पादनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ।

त्यसैगरी लुटेरा ग्रिड-फर्मिङ विद्युत् ऊर्जा भण्डारण प्रणाली (ईएसएस)ले उत्पादन भएको विद्युत् आवश्यकताअनुसार भण्डारण गर्ने, माग बढेका बेला पुनः आपूर्ति गर्ने तथा विद्युत् प्रणालीको स्थायित्व कायम राख्न सहयोग गर्ने कम्पनीको भनाई छ। नवीकरणीय ऊर्जाको उत्पादन मौसमअनुसार घटबढ हुने भएकाले यस्तो ऊर्जा भण्डारणका लागि यो प्रविधि उपयोगी भएको कम्पनीको भनाइ छ।

नेपालमा जलविद्युत्सँगै सौर्य ऊर्जा प्रवर्द्धनको प्रयास भइरहेका बेला विद्युत् प्रणालीलाई सन्तुलित र भरपर्दो बनाउन ऊर्जा भण्डारण प्रविधिको भूमिका महत्वपूर्ण मानिएको छ। विशेषगरी सौर्य ऊर्जा उत्पादन दिनको समयमा केन्द्रित हुने र मागको समय फरक हुने भएकाले ऊर्जा भण्डारण प्रणालीले विद्युत् व्यवस्थापनमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

कार्यक्रममा नेपाल उद्योग परिसङ्घ (सीएनआई)का अध्यक्ष वीरेन्द्रराज पाण्डे, हुवावे डिजिटल पावर साउथ एसियाका निर्देशक यु जियानलोङ, हुवावे नेपालका प्रमुख कार्यकारी अधिकृत चेस्टर चेन तथा हुवावे नेपाल डिजिटल पावरका निर्देशक रोहितचन्द्र शाहलगायत ऊर्जा विकासकर्ता र नवीकरणीय ऊर्जा क्षेत्रका सरोकारवालाको सहभागिता थियो।

# महाकालीमा जलस्तर घटेपछि बनबासा पुलमा यातायात सञ्चालन

**◣युग संवाददाता**
**महेन्द्रनगर, ६ साउन ।**

महाकाली नदीमा जलस्तर घटेपछि पश्चिमी नाका हुँदै भारततर्फको यातायात पुनः सञ्चालनमा आएको छ। महाकाली नदीमा पानीको बहाव एक लाख क्युसेक नाघेपछि यहाँको शारदा ब्यारेज (बनबासा पुल) मा चारपाङ्ग्रे सवारीसाधनको आवागमनमा रोक लगाइएको थियो।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले आज साँझ महाकाली नदीमा पानीको बहाव ८६ हजार क्युसेक मापन गरिएको जानकारी दिए। “आज दिउँसोसम्म नदीमा पानीको बहाव एक लाख २४ हजार क्युसेकसम्म पुगेको थियो,” प्रवक्ता रावतले भने, “महाकालीमा जलस्तर घटेसँगै बनबासा पुलमा सवारीसाधन सञ्चालन भएको छ।”

पानीको बहाव बढ्दा मङ्गलबार बिहानैदेखि मोटरसाइकल र पैदल यात्रुलाई आवागमनका लागि खुला गरिए पनि ठूला सवारीसाधन रोकिएका थिए। भारतीय पक्षले एक सय वर्ष पुरानो पुल जीर्ण भएकाले जोखिम हुन सक्ने भन्दै लामो समयदेखि बाढीका बेला चारपाङ्ग्रे सवारीसाधन सञ्चालन नगर्न आग्रह गर्दै आएको छ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:**
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)






हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।